JIKaP
*Journal of Indigenous Knowledge and Practice*
*2026, Vol. 2, No. 1, pp. 249-266*
*https://doi.org/10.3126/jikap.v2i1.98138*
**Article History:** Received: 14 April 2026; Reviewed: 7 May 2026; Revised: 29 June 2026; Accepted: 20 July 2026

# Errors in Nepali Language Learning among Bantawa Mother Tongue-Speaking Students

Bishnu Kumar Rai
*Yashodhara Secondary School, Bhojpur, Nepal*
Author's Email: raibr2034@gmail.com

**Abstract**

Bantawa is recognized as one of the Kirati languages belonging to the Tibeto-Burman language family. This study examines the errors made by Bantawa mother tongue-speaking students while learning Nepali as a second language. Its primary objective is to analyze the pronunciation and grammatical agreement errors found in the students' Nepali language learning, identify the causes of these errors, and explore possible remedial measures. Based on Error Analysis Theory, the study was conducted among Bantawa mother tongue-speaking students attending community schools in the Hatuwagadhi and Aamchok areas of Bhojpur District, Nepal. Data were collected through questionnaires, interviews, and focus group discussions and were analyzed using an analytical approach. Written opinions and interviews were also obtained from Nepali language teachers in the participating schools. This study is based on research conducted in partial fulfilment of the requirements for the MPhil degree at Nepal Open University.

# बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने त्रुटि

विष्णुकुमार राई

**लेखसार**

बान्तावा भाषालाई भोटबर्मेली भाषापरिवारको किरात समूहका भाषाहरूमध्ये एक मानिन्छ। बान्तावा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषालाई दोस्रो भाषाका रूपमा सिक्दा पाइने त्रुटिको

अध्ययन गरिएको छ । उक्त विद्यार्थीहरूको नेपाली सिकाइमा पाइने उच्चारणगत तथा पदसङ्गतिगत त्रुटिहरूको विश्लेषण गरी त्रुटिका कारण र समाधानका उपायहरूको अनुसन्धान गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । त्रुटिविश्लेषण सिद्धान्तमा आधारित नेपालको भोजपुर जिल्लाका हतुवागढी र आमचोक क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययनरत बान्तावा मातृभाषी विद्यार्थीहरू सहभागी रहेको यस अध्ययनमा प्रश्नाली, अन्तर्वार्ता र लक्षित समूह छलफलमार्फत सामग्री सङ्कलन गरेर प्राप्त तथ्याङ्कको विश्लेषणात्मक पद्धतिअनुसार विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । सम्बन्धित विद्यालयका नेपाली भाषा शिक्षकहरूसँग लिखित राय तथा अन्तर्वार्तासमेत लिइएको छ । यो अध्ययन नेपाल खुला विश्वविद्यालयअन्तर्गत एमफिल तह पूरा गर्ने सन्दर्भमा गरिएको अनुसन्धानमा आधारित रहेको छ ।

***शब्द कुञ्जिका :*** उच्चारणगत त्रुटि, त्रुटिविश्लेषण, पदसङ्गतिगत त्रुटि, भाषा सिकाइ, भुल र त्रुटि ।

## विषयप्रवेश

नेपाल भाषिक विविधताका दृष्टिले समृद्ध मुलुक हो । यहाँ बोलिने विभिन्न भाषाहरूमध्ये बान्तावा भाषा पनि एक हो । भोटबर्मेली भाषा परिवारअन्तर्गतको किरात राई जातिले बोल्ने विभिन्न भाषाहरूमध्ये बान्तावा राईहरूले बोल्ने भाषालाई बान्तावा भाषा भनेर चिनिन्छ । बन्धु (२०७७) का अनुसार यो भाषा बोलिने मुख्य क्षेत्र नेपालको पूर्वी पहाडका जिल्लाहरू हुन् । यसमा पनि यस भाषाका वक्ताहरूको सघन बसोबास रहेको थलोका रूपमा नेपालको पूर्वी पहाडी जिल्ला भोजपुर र यस आसपासका क्षेत्रलाई मानिन्छ । किरातराई समूहभित्र पनि विभिन्न भाषाहरूलाई राखिएका छन् । राष्ट्रिय जनगणना २०५८ ले भोटबर्मेली शाखाअन्तर्गत राई समूहका भाषाहरूमा बान्तावा, चाम्लिङ, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, दुमी, उम्बुले/बाम्बुले (चौरासिया), पुमा, नाछिरिङ, वाहिङ, कोयू, याम्फू, छलङ, लोहोरुङ, लिङ्खिम, मेवाहाङ, जेरो/जेरुङ, साम, छिन्ताङ, दुङ्माली र तिलुङ गरी २२ ओटा देखाइएको छ भने जनगणना २०६८ ले फाङ्दुवाली, बेलहरिया र आठपहरियासमेत राई समूहका भाषाहरू भनी २५ ओटा देखाइएको छ । उक्त राई समूहका भाषाहरूमध्ये बान्तावा भाषा बढी जनसङ्ख्याले बोल्ने भाषा मानिन्छ । जनगणना २०७८ अनुसार नेपालमा राई बान्तावा

मातृभाषीको सङ्ख्या १३८००३ रहेको र यसको सङ्ख्या कोशी प्रदेशमा मात्र १३३७४५ ( ९६.९१ प्रतिशत) रहेको देखिन्छ । उक्त राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार बान्तावा राईहरूको सघन बसोबास क्षेत्रका रूपमा कोशी प्रदेशको भोजपुर जिल्ला देखिन्छ भने धनकुटा, उदयपुर, सुनसरी, इलाम, पाँचथर, झापा, मोरङलगायतका अन्य जिल्लाहरूमा पनि बान्तावा राईहरूको बसोबास रहेको पाइन्छ । राई (२०७७) का अनुसार बान्तावा भाषीहरू नेपालबाहिर भारतको पश्चिम बङ्गाल, आसाम, सिक्किम, दार्जिलिङ अनि भुटान र बर्माका विभिन्न ठाउँहरूमा समेत रहेको पाइन्छ । उक्त बान्तावा भाषा मातृभाषा भएका विद्यालयमा अध्ययनरत विद्यार्थीहरू नै बान्तावा मातृभाषी विद्यार्थी हुन् ।

प्रायोगिक भाषाविज्ञानको एक शाखाका रूपमा त्रुटिविश्लेषणलाई मानिन्छ । भाषा सिकाइका क्रममा विभिन्न त्रुटिहरू हुनु स्वाभाविक मानिन्छ । उक्त त्रुटिहरूको अध्ययन तथा विश्लेषण नै त्रुटिविश्लेषण हो । त्रुटिविश्लेषणलाई भाषा सिकाइको अध्ययन गर्ने एउटा महत्वपूर्ण पद्धतिका रूपमा पनि मानिन्छ । यसमा सिकारु (विद्यार्थी) को भाषा सिकाइमा पाइने त्रुटि र यसका कारणहरूको विश्लेषण गरिन्छ । यसका लागि सिकारुको दोस्रो भाषा सिकाइमा पाइने त्रुटिको विश्लेषण गर्नु बढी सान्दर्भिक मानिन्छ ।  कर्डर (सन् १९८१) का अनुसार पहिलो भाषा प्राप्ति हो र दोस्रो भाषा सिकाइ हो । साथै त्रुटिविश्लेषणले सिकाइ प्रक्रिया अवगत हुनुका साथै सिकारुको दोस्रो भाषा सिकाइका समस्याहरू पत्तालाग्ने र शिक्षकका लागि कसरी शिक्षण गर्ने भन्ने आवश्यकताको पहिचानसमेत हुने गर्दछ । भाषा सिकाइका क्रममा सबै भुलहरू त्रुटि मान्न सकिन्न । यस सम्बन्धमा जेम्स् (सन् २०१३) ले त्रुटि र भुल फरक कुरा भएको स्पष्ट पार्दै यदि सिकारुले आफ्नो गल्ति आफैँ सुधार गर्न सक्छ भने त्यो भुल हो र सिकारु आफैँले सुधार गर्न नसक्ने चाहिँ त्रुटि भएको कुरा स्पष्ट पारेका छन् । यसबाट के भन्न सकिन्छ भने भाषा सिकाइका क्रममा हुने सिकारुका त्रुटिहरू पत्तालगाउने, उक्त त्रुटिका कारणहरूको विश्लेषण गर्ने साथै सिकाइलाई सुधार गर्न सहयोग पुऱ्याउने भाषाविज्ञानको प्रयोगिक शाखा त्रुटिविश्लेषण हो । यही महत्व र आवश्यकता बोध गरी यस अध्ययनमा बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने त्रुटिको अध्ययन प्रस्तुत गरिएको छ । बान्तावा मातृभाषा बोल्ने बालबालिकाले नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्नुपर्ने हुन्छ । नेपालको सन्दर्भमा शिक्षाको माध्यम भाषा नेपाली रहेकाले बान्तावा मातृभाषी विद्यार्थीहरूले विद्यालयमा गएर नेपाली भाषा सिक्दा भाषिक पृष्ठभूमि फरक भएका

कारण विभिन्न त्रुटि गर्नसक्ने सम्भावना देखिन्छ । उनीहरूको नेपाली भाषा सिकाइका क्रममा के कस्ता त्रुटिहरू हुने गर्दछन् भनी हालसम्म अध्ययन अनुसन्धान हुन नसकेको सन्दर्भलाई मध्यनजर गर्दै बान्तावा मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्ने क्रममा के कस्ता त्रुटिहरूमा शैक्षणिक सहयोग आवश्यक छ भनी उनीहरूले गर्ने त्रुटिहरूको विश्लेषण गर्नुपर्ने आवश्यकता बोध गरी *बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने त्रुटि* शीर्षकमा अध्ययन गरिएको छ ।

## समस्या कथन

बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने उच्चारणगत र पदसङ्गतिगत त्रुटिहरू के कस्ता रहेका छन् ? उक्त त्रुटिका कारण र समाधानका उपायहरू के के हुन सक्छन् ? भनी यी समस्याहरूको विश्लेषण गर्नु र त्रुटि हुनुका कारणहरूको मूल्याङ्कन गरी निराकरणका उपायहरू सुझाउनु यस शोधको समस्या रहेको छ ।

## अध्ययन विधि

सैद्धान्तिक आधारका रूपमा यस अध्ययनकालागि भाषाशास्त्री कार्ल जेम्स्को त्रुटिविश्लेषणसम्बन्धी मान्यतालाई लिइएको छ । जेम्स् (२०१३) को सैद्धान्तिक मान्यता अनुसार त्रुटिका तहहरू : पदार्थगत त्रुटि, पाठगत त्रुटि र सङ्कथनगत त्रुटिमध्ये बान्तावा मातृभाषी विद्यार्थीहरूको दोस्रो भाषाका रूपमा नेपाली सिक्दा पाइने पदार्थगत त्रुटिअन्तर्गत उच्चारणगत त्रुटि र पाठगत त्रुटिअन्तर्गत पदसङ्गतिगत त्रुटिको अध्ययन गरिएको छ । जसमा उच्चारणगत त्रुटिअन्तर्गत वर्णोच्चारणगत त्रुटि र शब्दोच्चारणगत त्रुटिको अध्ययन गरिएको छ र पदसङ्गतिगत त्रुटिअन्तर्गत लिङ्ग, वचन, पुरुष र आदरमा पाइने त्रुटिको अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा बान्तावा मातृभाषी विद्यार्थीहरूको अन्तर्वार्ता, लक्षित समूह छलफल र मार्गनिर्देशक प्रश्नावलीबाट प्राप्त सामग्रीहरू रहेका छन् भने विद्यार्थीहरूबाट प्राप्त त्रुटिका कारणहरू र समाधानका उपायहरूको विश्लेषण गर्न द्वितीयक सामग्रीका रूपमा शोधसम्बद्ध विभिन्न प्रकाशित पुस्तक, जर्नल, बान्तावा भाषाको व्याकरण र शब्दकोश तथा अध्ययन प्रतिवेदनहरूको समेत उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा बान्तावा मातृभाषी विद्यार्थीहरूलाई नेपाली वर्ण र शब्द चार्टको सस्वर उच्चारण, उनीहरूका नेपाली

पाठ्यपुस्तकका पाठ तथा अनुच्छेदहरूको सस्वर उच्चारण तथा पढाइ, आफ्नो विद्यालयका बारेमा र आफ्नो दैनिकीका बारेमा मौखिक वर्णन, 'आफ्नो गाउँको विकासको अवस्था र आवश्यकता' शीर्षकमा लक्षित समूह छलफल, निबन्ध लेखन तथा परीक्षण, आन्तरिक परीक्षाको उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ताका माध्यमबाट प्राप्त सामग्रीको श्रव्य-दृश्य र लिखित अभिलेखीकरण गरी त्यसमा पाइएका त्रुटिहरूको विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर सम्पन्न गरिएको छ । यसका लागि आख्यानात्मक (न्यारेटिभ रिसर्च/एप्रोच) पद्धतिलाई उपयोग गरिएको छ । प्रस्तुत शोधका लागि भोजपुर जिल्लाका दुई ओटा सामुदायिक विद्यालयहरू र त्यहाँ अध्ययनरत राई बान्तावा मातृभाषा भएका विद्यार्थीहरूलाई सहभागीका रूपमा छनोट गरिएको छ । उक्त विद्यालयहरू हतुवागढी गाउँपालिकाअन्तर्गतको श्री सगरमाथा माध्यमिक विद्यालय हतुवागढी -१, घोडेटार र आमचोक गाउँपालिकाअन्तर्गतको श्री सरस्वती माध्यमिक विद्यालय आमचोक -२, यूँ रहेका छन् । उक्त दुवै विद्यालयमा अध्ययनरत जम्मा एक सय एकचालिस जना बान्तावा मातृभाषी विद्यार्थीहरू नै प्रस्तुत शोधको सहभागी (जनसङ्ख्या) का रूपमा रहेका छन् । आधारभूत तह कक्षा छ, सात र आठमा अध्ययनरत उक्त विद्यार्थीहरूमध्ये एउटा कक्षाबाट एक/एक जना छात्रछात्रा पर्ने गरी जम्मा बाह्र जना विद्यार्थीहरूलाई प्रतिनिधिका रूपमा नमुना छनोट गरिएको छ । यसरी प्राप्त सामग्रीलाई व्याख्यावादी घटनावैज्ञानिक विश्लेषण पद्धतिको मान्यताअनुसार विश्लेषण गरी प्राप्त नतिजालाई सम्भव भएसम्म पूर्वकार्यको नतिजासँग समेत विमर्श गरी निश्कर्ष प्रस्तुत गरिएको छ ।

## बान्तावा मातृभाषी विद्यार्थीहरूमा पाइने उच्चारणतग त्रुटिको विश्लेषण

उच्चारणलाई मौखिक अभिव्यक्ति (बोलाइ) को आधारभूत पक्ष मानिन्छ । ढकाल र अन्य (२०६८) का अनुसार उच्चारण भनेको मौखिक रूपमा अरूले सुन्नेगरी वर्णात्मक ध्वनिको प्रकटीकरण वा बोलीलाई बुझाउनुका साथै मौखिक अभिव्यक्ति (बोलाइ) को आधारभूत उपाय हो । यहाँ बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने वर्णोच्चारणगत त्रुटि र शब्दोच्चारणगत त्रुटिलाई प्रस्तुत गरिएको छ ।

### *वर्णोच्चारणगत त्रुटि*

यस अध्ययनका सहभागी विद्यार्थीहरूबाट प्राप्त प्राथमिक स्रोतका आधारमा बान्तावा मातृभाषी विद्यार्थीहरूको वर्णोच्चारणगत त्रुटिहरू देहायबमोजिम रहेका छन् :

## स्वर वर्णको उच्चारणमा त्रुटि

बान्तावा मातृभाषी विद्यार्थीहरूले 'ऐ' वर्णलाई 'ए' उच्चारण गर्नु, 'अं' वर्णलाई 'अङ्' उच्चारण गर्नु र 'अः' वर्णलाई 'आ' उच्चारण गरेर त्रुटि गरेको पाइन्छ। यसरी हेर्दा बान्तावा मातृभाषी विद्यार्थीले नेपाली लेख्य स्वर वर्णको उच्चारण गर्दा 'ऐ' 'अं' र 'अः' तीन ओटा वर्णको सही उच्चारण नगर्दा त्रुटि गरेको पाइएको छ। यी त्रुटिलाई हेर्दा स्वाभाविक देखिन्छ किनभने व्यञ्जन वर्णहरू क, ख, ग ... मा एकलखे लगाउँदा के, खे, गे ... भनी उच्चारण हुने हुँदा त्यही नियमको सामान्यीकरण हुँदा ऐ लाई पनि ए उच्चारण हुनगएको साथै अं र अः वर्णहरूको नेपालीमा पनि कम प्रयोग र बारम्बार उच्चारण नहुने भएकाले त्रुटि हुनु स्वाभाविक मान्न सकिन्छ। जेम्स् (२०१३) ले यस्ता त्रुटिलाई सेग्मेन्टल त्रुटिअन्तर्गत राखेका छन्। यस्ता त्रुटि बान्तावा मातृभाषीमा मात्र नभएर सबै विद्यार्थीमा हुने सम्भावना रहन्छ। त्यसैले यसको कारण मातृभाषिक प्रभाव नभई भाषान्तरिक प्रभाव तथा शिक्षण सिकाइसँग सम्बन्धित समस्या रहेको देखिन्छ।

## व्यञ्जन वर्णको उच्चारणमा त्रुटि

बान्तावा मातृभाषी विद्यार्थीहरूले 'त्' लाई 'ट' उच्चारण, 'थ्' लाई 'ठ्' उच्चारण, 'द्' लाई 'ड्' उच्चारण, 'ध्' लाई 'ढ्' उच्चारण, 'ण' लाई 'अन' उच्चारर्ण, 'य' लाई 'ए' उच्चारण, 'ष' लाई 'ख' उच्चारण गरेर त्रुटि गरेका छन्। यस क्षेत्रमा बान्तावा मातृभाषी विद्यार्थीहरूको त्रुटिको प्रकृतिलाई हेर्दा हतुवागढी क्षेत्रका विद्यार्थीले 'त' वर्गका वर्णहरू ('त् थ् द् ध्') लाई पनि 'ट् ठ् ड् ढ्' भनी उच्चारण गरेर त्रुटि गरेको पाइएको छ। जेम्स् (२०१३) ले यस प्रकारको त्रुटिलाई कम्बिनेटोरियल त्रुटिअन्तर्गत पर्ने उल्लेख गरेका छन्। आमचोक क्षेत्रका विद्यार्थीहरूले 'त् थ् द् ध्' र 'ट् ठ् ड् ढ्' वर्णहरूको उच्चारणमा त्रुटि नभई भुल मात्र गरेको पाइएको देखिन्छ। त्यस्तै बान्तावा मातृभाषी विद्यार्थीहरूले 'ण' वर्णलाई 'अन' भनी उच्चारण गरेर त्रुटि गरेको र 'य' वर्णलाई 'ए' उच्चारण गरेर त्रुटि गरेको साथै 'ष' वर्णलाई 'ख' उच्चारण गरेर त्रुटि गरेको पनि पाइएको छ। बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने उक्त व्यञ्जन वर्णको उच्चारणमा पाइने त्रुटिहरूलाई हेर्दा 'त' वर्गका वर्णहरू (त् थ् द् ध्) को उच्चारणमा त्रुटि हुनुको कारण विद्यार्थीहरूको मातृभाषाको प्रभाव रहेको देखिन्छ भने बाँकी 'ण' 'य' 'ष' को उच्चारणमा हुने त्रुटिको कारण चाहिँ बेवास्तापना तथा कक्षाकोठाको शिक्षणसिकाइसँग सम्बन्धित रहेको देखिन्छ।

उपर्युक्त तथ्यअनुसार वर्णोच्चारणगत त्रुटिहरू शब्दोच्चारणगत त्रुटिमा पनि देखिने गरेका छन् । साथै उक्त त्रुटिहरू सम्बन्धित विद्यार्थीहरूको लिखित अभिव्यक्तिमा पनि देखिने गरेको पाइएको छ ।

***शब्दोच्चारणगत त्रुटि***

बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने शब्दोच्चारणगत त्रुटिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**'त् थ् द् ध्' र 'ट् ठ् ड् ढ्' वर्णहरू प्रयोग भएका शब्दको उच्चारणमा पाइने त्रुटि**

बान्तावा मातृभाषी विद्यार्थीले 'तपाईँ' शब्दलाई 'टपाईँ' उच्चारण, 'तिमी' शब्दलाई 'टिमी' उच्चारण, 'विधाता' शब्दलाई 'विढाटा' उच्चारण, 'थाल' शब्दलाई 'ठाल' उच्चारण, 'दयालु' शब्दलाई 'डयालु' उच्चारण, 'दाल' शब्दलाई 'डाल' उच्चारण, 'धरान' शब्दलाई 'ढरान' उच्चारण, 'विधान' शब्दलाई 'विढान' उच्चारण गरेर त्रुटि गरेका छन् । त्यस्तै यसको विपरीत 'भुटान' शब्दलाई 'भुतान' उच्चारण, 'माटो' शब्दलाई 'मातो' उच्चारण, 'गोठालो' शब्दलाई 'गोथालो' उच्चारण, 'चिठी' शब्दलाई 'चिथी' उच्चरण गर्नु जस्ता उच्चारणगत त्रुटि पनि गरेका छन् ।

उपर्युक्त तथ्यअनुसार त्रुटिहरूको विश्लेषण गर्दा धेरैजसो त्रुटि 'त, थ, द, ध' लाई 'ट, ठ, ड, ढ' उच्चारण गर्दा भएको देखिन्छ भने कुनै त्रुटि त्यसको ठिक उल्टो पनि देखिन्छ । त्यसैले यसमा बान्तावा मातृभाषी विद्यार्थीहरूको विपर्यास प्रकृतिको उच्चारणगत त्रुटि देखिन्छ तर सो प्रवृत्ति व्यवस्थित प्रकृतिको देखिँदैन् । हतुवागढी गाउँपालिका क्षेत्रका विद्यार्थीहरूको 'त, थ, द, ध' लाई 'ट, ठ, ड, ढ' उच्चारण गर्ने त्रुटिहरू चाहिँ अलि स्थिर र व्यवस्थित खालका देखिन्छन् । त्यस प्रकारका त्रुटिहरू हुनुको मुख्य कारण चाहिँ मातृभाषा बान्तावाको प्रभाव नै रहेको मान्न सकिन्छ किनभने नेपाली मातृभाषीले त्यस्ता प्रकारका त्रुटि गरेको देखिँदैन । यस आधारमा बान्तावा मातृभाषी विद्यार्थीको नेपाली भाषा सिकाइका क्रममा देखिने उच्चारणगत त्रुटिको मूल क्षेत्र नेपाली 'ट' वर्गका वर्णहरू (ट ठ ड ढ) र 'त' वर्गका वर्णहरू (त थ द ध) रहेको देखिन्छ । वर्णोच्चारण र शब्दोच्चारण दुवैमा यी वर्णहरूको उच्चारणगत त्रुटि हुने गरेको देखिन्छ ।

त्रुटिको मात्रा र प्रकृति हेर्दा भोजपुर जिल्लाको हतुवागढी क्षेत्रका बान्तावा मातृभाषी विद्यार्थीहरूले 'त' वर्गका वर्णहरू (त थ द ध) लाई पनि 'ट' वर्गका वर्णहरू (ट ठ ड ढ) कै

उच्चारण गरेर त्रुटि गरेको देखिन्छ । भोजपुर जिल्लाको आमचोक क्षेत्रका बान्तावा मातृभाषी विद्यार्थीहरूको चाहिँ यस क्षेत्रमा भएका उच्चारणगत त्रुटिहरू त्रुटि नभई भुलको स्तरमा मात्र रहेका देखिन्छन् । उनीहरूलाई समान वर्णहरू प्रयोग भएका शब्दहरू उच्चारण गर्न लगाउँदा आमचोक क्षेत्रका विद्यार्थीहरूले अगाडि त्रुटि उच्चारण गरेका वर्ण तथा शब्दहरू पुनः अर्को प्रसङ्गमा उच्चारण गर्दा सही उच्चारण गरेर आफैं भुल सुधार गरेको पाइएको छ । जेम्स ( सन् २०१३) का अनुसार सिकारुले आफ्नो भुल आफैं सुधार गर्न सक्छ भने त्यो त्रुटि नभई भुल हो भनी व्याख्या गरेका छन् । आमचोक क्षेत्रका बान्तावा मातृभाषी विद्यार्थीले भाषा बोल्दा वा अनुच्छेद पढ्दा एक ठाउँ वा सन्दर्भमा उच्चारणगत त्रुटि गरेको त्यही वर्ण वा सो वर्ण प्रयोग भएको शब्दलाई अर्को ठाउँ वा सन्दर्भमा ठिक उच्चारण गरेर आफैं सुधार गरेको देखिन्छ । उनीहरूले हतारमा वा आत्तिएर उच्चारण गर्दा तथा सचेतना नअपनाउँदा त्यस्ता त्रुटिहरू गर्ने गरेको देखिन्छ ।

**महाप्राण ध्वनिलाई अल्पप्राण उच्चारण गर्दा पाइने त्रुटि (अल्पप्राणीकरण)**

बान्तावा मातृभाषी विद्यार्थीहरूले 'अघि' शब्दलाई 'अगि' उच्चारण, 'पढ्नु' शब्दलाई 'पड्नु' उच्चारण, 'उधारो' शब्दलाई 'उदारो' उच्चारण गरेर त्रुटि गरेका छन् । यसलाई हेर्दा महाप्राण ध्वनिलाई अल्पप्राण ध्वनिका रूपमा उच्चारण गरेको देखिन्छ । यी त्रुटि शब्द मध्य र शब्दान्तमा आएका ध्वनिमा देखिन्छन् । उक्त त्रुटि हुनुको कारण मातृभाषाकै प्रभाव मान्न सकिन्छ । राई (२०७५) को चामलिङ मातृभाषी तथा मिश्र (२०६८) को आठपहरीया मातृभाषी विद्यार्थीहरूको त्रुटि अध्ययनमा पनि सो प्रकृतिका त्रुटिहरू पाइएको कुरा उल्लेख छ ।

**सघोष ध्वनिलाई अघोष उच्चारण गर्दा पाइने त्रुटि (अघोषीकरण)**

'ढङ्कन' शब्दलाई 'ढट्कन' उच्चारण, 'सडक' शब्दलाई 'सटक' उच्चारण, 'सायद' शब्दलाई 'सायट' उच्चारण, 'पिडालु' शब्दलाई 'पिरालु' उच्चारण गरी त्रुटि गरेको पाइन्छ । यसलाई हेर्दा विद्यार्थीहरूले शब्द मध्य र शब्दान्तमा आएका सघोष ध्वनिलाई अघोष ध्वनिका रूपमा उच्चारणगत त्रुटि गरेको देखिन्छ । यी त्रुटिको कारणका रूपमा पनि मातृभाषाकै प्रभाव मान्न सकिन्छ । यस सम्बन्धमा राई (२०७५) को चामलिङ मातृभाषी तथा मिश्र (२०६८) को आठपहरीया मातृभाषी विद्यार्थीहरूको त्रुटि अध्ययनमा पनि सोही नतिजा उल्लेख रहेको छ ।

**क्रियापदको अन्त्यमा आउने 'छौँ' लाई 'छुम्/छम्' उच्चारण गर्दा पाइने त्रुटि**

'राख्छौँ' शब्दलाई 'राख्छुङ/राख्छुम्' उच्चारण, 'ढोग्छौँ' शब्दलाई 'ढोग्छुङ/ढोग्छुम्' उच्चारण, 'खान्छौँ' शब्दलाई 'खान्छुङ/खान्छुम्' उच्चारण, 'जान्छौँ' शब्दलाई 'जान्छुङ/जान्छुम्' उच्चारण, 'हान्छौँ' शब्दलाई 'हान्छुङ/हान्छुम्' उच्चारण गरेर त्रुटि गरेका छन् । यसलाई हेर्दा प्रथम पुरुष बहुवचनबोधक क्रियापदको उच्चारणमा 'औँ' ध्वनिको सट्टामा 'उङ्/उम्' ध्वनिको आगम भएको पाइन्छ । राई (२०७७) को आफ्नो विद्यावारिधि शोधप्रबन्धमा पनि सो कुरा उल्लेख भएको पाइन्छ । ग्रामीण इलाकाहरूमा बसोबास गर्ने बान्तावा मातृभाषी वृद्धवृद्धाहरू नेपाली बोल्ने क्रममा यस प्रकारको उच्चारण गरेको पनि भेटिन्छ । त्यसैले यस प्रकारको उच्चारणगत त्रुटि पनि मातृभाषाकै प्रभावका कारण भएको मान्न सकिन्छ ।

**अकारलाई आकार उच्चारण गर्दा पाइने त्रुटि**

'चाहन्छु' शब्दलाई 'चाहान्छु' उच्चारण, 'जना' शब्दलाई 'जाना' उच्चारण, 'अब' शब्दलाई 'आबो' उच्चारण जस्ता त्रुटिहरू पनि पाइएका छन् । यससन्दर्भमा भोटबर्मेली परिवारका भाषा बोल्नेहरूले नेपाली उच्चारणमा अकारलाई आकार उच्चारण गर्ने कुरा बताइएको छ । यस कारण यी त्रुटि हुनुको कारण मातृभाषाको प्रभाव मान्न सकिन्छ ।

**क्रियापदको उच्चारणमा ध्वनि लोपगत त्रुटि**

बान्तावा मातृभाषी विद्यार्थीहरूले 'बगाएर' शब्दलाई 'बगार' उच्चारण, 'गर्नुभएको' शब्दलाई 'गर्नुभाको' उच्चारण, 'पऱ्यो' शब्दलाई 'परो' उच्चारण, 'थाल्यो' शब्दलाई 'थालो' उच्चारण गर्नेजस्ता त्रुटिहरू पनि पाइएका छन् । यी त्रुटिहरूलाई हेर्दा क्रियामूलमा जोडिएर आएका 'य' र 'ए' प्रत्यय लोप भई उच्चारण भएको देखिन्छ । यस्ता त्रुटि विशेष गरेर कथ्य शैलीमा सबै विद्यार्थीहरूले नै बोल्ने गरेको सुनिन्छ । यस कारण यी त्रुटि मातृभाषाको प्रभावका कारण नभई नेपाली भाषाको भाषान्तरिक कारणले अथवा कथ्य शैलीको प्रभावका कारणले भएको मान्न सकिन्छ ।

**पदसङ्गतिगत त्रुटि**

पदसङ्गतिगत त्रुटिअन्तर्गत लिङ्ग, वचन, पुरुष र आदरमा हुने त्रुटिको अध्ययन गरिएको छ । बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने पदसङ्गतिगत त्रुटिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**लिङ्गसङ्गतिगत त्रुटि**

बान्तावा मातृभाषी विद्यार्थीहरूको 'बहिनी पुस्तक पढ्छे' हुनुपर्नेमा 'बहिनी पुस्तक पढ्छ', 'मेरी बहिनी' हुनुपर्नेमा 'मेरो बहिनी', 'उनी' प्रयोग गर्नुपर्नेमा 'ऊ' को प्रयोगजस्ता त्रुटिहरू पाइएका छन् । यसलाई हेर्दा स्त्रीलिङ्ग बुझाउने कर्तासँग क्रियापदको सङ्गतिमा र विशेषण र विशेष्यबिचको लिङ्ग सङ्गतिमा त्रुटि भएको देखिन्छ । राई र राई (२०६७) को बान्तावा व्याकरण अनुसार बान्तावामा लिङ्ग भेद तथा लिङ्ग सङ्गति आवश्यक नपर्ने भनी लिङ्गसङ्गति उल्लेख गरिएको छैन । यसरी हेर्दा बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा लिङ्गगत पदसङ्गतिमा हुने त्रुटिहरू उनीहरूमा पदसङ्गतिसम्बन्धी सचेतता नहुँदा र आफ्नो मातृभाषामा भएको पदसङ्गतिगत विशेषताको प्रभावका कारण पनि त्रुटि भएको हुनसम्ने देखिन्छ ।

**वचनसङ्गतिगत त्रुटि**

बान्तावा मातृभाषी विद्यार्थीहरूको 'साथीहरू खेल्न गए' हुनुपर्नेमा 'साथीहरू खेल्न गयो', 'उनीहरू घर बस्छन्' हुनुपर्नेमा 'उनीहरू घर बस्छ', 'भलिबल खेलमा दुवैपट्टि गरी जम्मा बाह्र जना हुन्छन्' हुनुपर्नेमा 'भलिबल खेलमा दुवैपट्टि गरी जम्मा बाह्र जना हुन्छ', 'जनावरहरू बस्छन्' हुनुपर्नेमा 'जनावरहरू बस्छ', पदावली तहमा 'मेरा साथीहरू' हुनुपर्नेमा 'मेरो साथीहरू', 'श्यामका भाइहरू' हुनुपर्नेमा 'श्यामको भाइहरू' जस्ता वचनगत त्रुटिहरू पाइन्छन् । यसलाई विश्लेषण गर्दा एकवचन र बहुवचनमध्ये बहुवचन सङ्गतिमा त्रुटि भएको देखिन्छ । वाक्य तहमा कर्ता बहुवचन हुँदा सोहीअनुसार क्रियापदको सङ्गति नमिलाउँदा त्रुटि गरेको देखिन्छ । पदावली तहमा बहुवचन जनाउने विशेषण र विशेष्यबिच हुनुपर्ने पदसङ्गति नमिलाउँदा पनि त्रुटि भएको देखिन्छ । राई र राई (२०६७) को बान्तावा व्याकरणअनुसार बान्तावामा एक वचन, द्विवचन र बहुवचन हुन्छन् । त्यसैले मातृभाषाको पनि प्रभाव पर्नसक्ने सम्भावना हुँदाहुँदै पनि यस्ता त्रुटिहरू बान्तावा मातृभाषा नभएका विद्यार्थीहरूले पनि गरेको पाइएको छ । त्यसकारण यस्ता त्रुटिहरू हुनुमा नेपाली बहुवचनगत सङ्गति व्यवस्थाप्रति विद्यार्थीमा सचेतनाको अभाव रहनुका साथै स्तरीय भाषिक वातावरणको अभाव रहनुजस्ता कारणहरूले त्रुटि भएको देखिन्छन् ।

**पुरुषसङ्गतिगत त्रुटि**

बान्तावा मातृभाषी विद्यार्थीहरूको 'म घर गएँ' हुनुपर्नेमा 'म घर गए', 'मेरो परिवारमा छ जना छौँ' हुनुपर्नेमा 'मेरो परिवारमा छ जना छौ', 'हामी इमान्दार छौँ' हुनुपर्नेमा 'हामी इमान्दार छौ' जस्ता त्रुटि हुने गरेको छ । यसलाई विश्लेषण गर्दा प्रथम पुरुष जनाउने सर्वनाम 'म र हामी' सँग क्रियापदको सङ्गति नमिल्दा त्रुटि हुनेगरेको देखिन्छ । 'हामी' कर्तासँग क्रियापदमा आवश्यक पर्ने चन्द्रविन्दुको प्रयोग नगर्दा त्रुटि देखिन्छ । यस्ता त्रुटि सबै खाले विद्यार्थीहरूले नै गरेको पाइएको छ ।

बान्तावा मातृभाषी विद्यार्थीहरूमा 'म नै जाने हो/जानुपर्ने हो' भन्ने सन्दर्भमा 'म जान्छुको', 'अरु होइन राम नै आउने हो' भन्ने सन्दर्भमा 'राम आउँछको', 'यो काम अरुले होइन मैले नै गर्ने हो' भन्ने सन्दर्भमा 'म गर्छुको' जस्ता फरक प्रकृतिका त्रुटिहरू पनि पाइएका छन् । यसको अध्ययन गर्दा कुनै पनि कुरालाई विशेष जोड दिएर बाध्यता व्यक्त गर्नुपर्‍यो भने क्रियापदको पछाडि 'को' विभक्तिको आगम भएको देखिन्छ । यो आफ्नो मातृभाषाको प्रभावका कारणले भएको हो भन्न सकिन्छ । बान्तावा भाषाको सामान्यार्थमा 'म जान्छु' लाई 'अँङ्का खात्ङा' हुन्छ भने बान्तावाको बाध्यार्थ (भाव) मा 'अँङ्का खात्ङाओ' भनी 'खात्ङा' क्रियापदको पछि 'ओ' आउने गर्छ । बान्तावामा 'ओ' विभक्तिका रूपमा पनि प्रयोग हुन्छ । राई र राई (२०६७) को बान्तावा व्याकरणअनुसार बाध्यार्थ/बाध्यात्मक भन्नाले त्यस्तो भाव हो जसले पछि पूरा गर्नुपर्ने कामको बाध्यता अभिव्यक्त गर्दछ (पृ. ६९) । बान्तावाको उक्त बाध्यार्थ भाव व्यक्त गर्न क्रियापद पछि 'ओ' पनि र 'लि' पनि आउन सक्ने हुन्छ ।

**आदर सङ्गतिगत त्रुटि**

बान्तावा मातृभाषी विद्यार्थीहरूको 'भाइ कुखुरा पाल्छ' हुनुपर्नेमा 'भाइ कुखुरा पाल्नुहुन्छ', 'मेरो भाइ नौ वर्षको छ' हुनुपर्नेमा 'मेरो भाइ नौ वर्षको हुनुहुन्छ', 'बहिनी सफा गर्छिन्' हुनुपर्नेमा 'बहिनी सफा गर्नुहुन्छ' जस्ता त्रुटि पाइन्छन् । यसमा आफूभन्दा साना भाइबहिनीलाई पनि आदरार्थी क्रियापद प्रयोग गरेको पाइएको छ । त्यस्तै 'यो कथा मलाई दाजुले सुनाउनुभएको हो' हुनुपर्नेमा 'यो कथा मलाइ दाजुले सुनाएको हो', 'आमाबुबाले राम्रो होस् भनी स्कुल पठाउनुभएको हुन्छ' हुनुपर्नेमा 'आमाबुबाले राम्रो होस् भनी स्कुल पठाएको हुन्छ' जस्ता त्रुटि पनि पाइएका छन् । वाक्यस्तरमा आदरार्थी क्रियापद प्रयोग गर्ने सन्दर्भमा सुहाउँदो नामिक पद (सर्वनाम) छनोट गर्ने सचेतता नहुँदा पनि आदरगत त्रुटि भएको देखिन्छ

। 'त्यहाँ एक जना मानिस बस्नुहुन्थ्यो । एकपटक वहाँलाई ठुलो रोग लाग्यो । वहाँ मर्ने अवस्थामा पुग्नुभयो' हुनुपर्नेमा 'त्यहाँ एक जना मानिस बस्नुहुन्थ्यो । एकपटक उसलाई ठुलो रोग लाग्नुभयो । ऊ मर्ने अवस्थामा पुग्नुभयो' भनी त्रुटि गरेको पाइएको छ । कहिलेकहीँ आदरार्थी क्रियापद प्रयोग गर्ने क्रममा मानवेत्तर पात्र वा वस्तुका लागि पनि आदरार्थी प्रयोग गरेर त्रुटि गरेको देखिन्छ । जस्तै : 'कुकुरले घरको रक्षा गर्छ' हुनुपर्नेमा 'कुकुरले घरको रक्षा गर्नुहुन्छ' भन्ने उल्लेख गरेर त्रुटि गरेको पाइएको छ । यसरी हेर्दा कर्ता र क्रियापदबिच आदरका तहअनुसार सङ्गति नमिलाउँदा त्रुटि हुने गरेको देखिन्छ । राई र राई (२०६७) को बान्तावा व्याकरणअनुसार आदरगत सङ्गति उल्लेख नगरिएको भए तापनि बान्तावा भाषिक व्यवहारमा आदर अनुसार कर्ता र क्रियापदको सङगति हुने गरेको पाइन्छ । बान्तावा मातृभाषी विद्यार्थीहरूले बढी औपचारिक हुन खोज्दा सबैमा उच्च आदरार्थी क्रियापद प्रयोग गर्ने र सामान्य अनौपचारिक बोलचालमा आदर प्रयोग नगरेको देखिन्छ ।

**त्रुटिका कारणहरूको मूल्याङ्कन तथा सुधारका उपायको विश्लेषण**

बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने उच्चारणगत र पदसङ्गतिगत त्रुटिहरूका कारण तथा सुधारका उपायहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**उच्चारणगत त्रुटिका कारणरू**

बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली सिकाइमा पाइने उच्चारणगत त्रुटिका मुख्य कारणहरू 'ट् ठ् ड् ढ्' र 'त् थ् द् ध्' वर्णहरूको उच्चारणमा समस्या रहनु, नेपाली उच्चारणमा आफ्नो मातृभाषाको प्रभाव पर्नु, कक्षा कोठामा बोलाइ र पढाइभन्दा लेखाइमा जोड दिने प्रवृत्ति रहनु, उच्चारण सचेतनाको अभाव (बेवास्तापना) रहनु, नेपाली भाषाको स्तरीय उच्चारण गर्ने अभ्यासमा कमी रहनु, बान्तावा भाषामा भएको फरक उच्चारण व्यवस्थाको प्रभाव तथा विद्यार्थीहरूमा भययुक्त मनोविज्ञान हुँदा त्रुटिपूर्ण उच्चारण हुनुजस्ता कारणहरू रहेका छन् । त्रुटि हुनुका उक्त कारणहरूको खोजी गर्न सहभागी छनोट गरिएका विद्यालयमा अध्यापनरत नेपाली भाषा शिक्षकहरू र अन्य शिक्षकहरूसँग अन्तर्वार्ता र लिखित प्रश्नोत्तर गरिएको छ । नेपाली भाषा र बान्तावा भाषाका विभिन्न द्वितीयक सामग्रीको अध्ययन गरिएको छ । यी कारणको मूल्याङ्कन गर्दा बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने त्रुटिको सबैभन्दा पहिलो मुख्य कारण आफ्नो मातृभाषाको प्रभाव नै रहेको देखिन्छ । 'ट् ठ् ड् ढ्' र 'त् थ् द् ध्' वर्णहरूको उच्चारणमा समस्या देखिनुको मुख्य कारण

पनि मातृभाषाको प्रभाव नै हो । त्यसका अतिरिक्त अन्य सहायक कारणहरूमा शिक्षण सिकाइ रणनीतिसँग सम्बन्धित कारणहरू रहनुका साथै कक्षा कोठामा उपयुक्त भाषिक सिकाइ वातावरणको कमी रहेको कुरा मूल्याङ्न गर्न सकन्छि । बोलाइ र पढाइभन्दा लेखाइमा जोड, उच्चारण सचेतनाको कमी, उच्चारण अभ्यासमा कमी, भययुक्त मनोविज्ञान रहनुजस्ता कारणहरू यही दोस्रो सहायक कारणअर्न्तगत पर्दछन् । जेम्स् (सन् २०१३) का अनुसार त्रुटिका कारणहरूमा सिकारुको मातृभाषाको प्रभाव, बेवास्तापना, लक्ष्यभाषाको प्रभाव, सिकाइमा आधारित रणनीति आदि रहन्छन् भनी स्पष्ट पारिएको छ । यसरी हेर्दा पनि बान्तावा मातृभाषी विद्यार्थीहरूको उच्चारणगत त्रुटिका कारणहरू र जेम्स्द्वारा उल्लेख गरिएका त्रुटिका कारणहरूमा सङ्गति पाइन्छ ।

**पदसङ्गतिगत त्रुटिका कारणरू**

बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने पदसङ्गतिगत त्रुटिका मुख्य कारणहरूमा मातृभाषाको प्रभाव, नेपाली भाषाको भाषान्तरिक कारण, आफ्नो भाषिक समुदाय र भाषिक पृष्ठभूमिको प्रभाव तथा विद्यालयमा स्तरीय भाषिक प्रयोग वातावरणको कमी रहेका छन् । उक्त त्रुटिहरू हुनुमा उक्त सबै कारणहरू उत्तिकै महत्वपूर्ण र जिम्मेवार रहेको मूल्याङ्कन गर्न सकिन्छ । पदसङ्गतिगत त्रुटिको निराकरणका लागि मतृभाषिक प्रभावलाई पनि ख्याल गर्दै घर तथा विद्यालयका स्तरीय भाषिक प्रयोगको वातावरण निर्माण गर्नेदेखि लिएर जेम्स् (सन् २०१३) का अनुसार प्रेरित प्रभाव तथा बेवास्तापनालाई सुधार गर्न पनि ध्यान दिनुपर्ने हुन्छ । प्रेरित प्रभावअन्तर्गत भाषिक पृष्ठभूमि, शिक्षक, अभिभावक, साथीभाइ तथा अन्य पक्षको प्रभावलाई मानिन्छ । भाषाविद् रिचर्डस्का अनुसार त्रुटिका कारणमध्ये नियमको अपूर्ण प्रयोग वा अति सामान्यीकरण पनि हो भनिएको छ । बान्तावा विद्यार्थीहरूको आदरगत सङ्गतिमा पाइने त्रुटिहरू नियमको अतिसामान्यीकरणबाट पनि भएका देखिन्छन् भने पुरुषगत क्षेत्रमा हुने बेग्लै प्रकृतिका त्रुटिहरू चाहिँ मातृभाषाको प्रभावका कारण भएका देखिन्छन् ।

**त्रुटि निराकरणका उपायहरू**

त्रुटि विश्लेषणबाट भाषा सिकाइका क्रममा हुने त्रुटि र यसका कारणहरू पत्ता लाग्नुका साथै उक्त त्रुटिका कारणहरूको अध्ययन गरी निराकरणका माध्यमबाट भाषा सिकाइलाई स्तरीय बनाउन मदत मिल्दछ भन्ने मान्याता राखिन्छ । जेम्स (२०१३) को मान्यता

अनुसार त्रुटिहरूको निराकरणका उपायहरूका सम्बन्धमा सर्वप्रथम त्रुटिहरूलाई कारणका आधारमा छुट्याउने, त्रुटि हुनुका कारणहरूलाई सुधार गर्ने, स्तरीय भाषिक सिकाइका लागि विद्यार्थीको घरको भाषालाई सम्मान गर्ने, विद्यालयभित्र र बाहिर पनि भाषा बोलचालको फराकिलो वातावरण निर्माण गर्नुपर्ने, स्तरीय भाषामा बोल्ने, पढ्ने र सामाजिक सांस्कृतिक सहज सम्बन्ध स्थापित गराउने व्यवस्था मिलाउनुपर्ने कुरा उल्लेख गरिएको छ । यसरी हेर्दा बान्तावा मातृभाषी विद्यार्थीहरूको उच्चारणगत त्रुटि र पदसङ्गतिगत त्रुटि निराकरणका लागि मुख्य जिम्मेवारी सम्बन्धित शिक्षक, विद्यालय तथ अभिभावकको रहन्छ । मातृभाषाको प्रभावका कारण हुने त्रुटिका सम्बन्धमा सम्बन्धित मातृभाषी विद्यार्थीहरूलाई लक्षित गरी विशेष शिक्षण रणनीति अपनाउने, अन्य त्रुटिका सम्बन्धमा स्तरीय भाषिक वातावरण निर्माण, सन्तुलित अभ्यास (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा जोड, निराकरणात्मक पृष्ठपोषणजस्ता कार्यहरू महत्वपूर्ण मानिन्छन् । यसका लागि विद्यार्थीहरूलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका क्रियाकलापमा सरिक गराई निर्भयका साथ बारम्बार स्तरीय उच्चारणका लागि अभ्यासको अवसर सिर्जना गर्ने, कक्षाकोठा, विद्यालय, घर तथा समुदायमा स्तरीय र शिष्ट भाषा प्रयोगको वातावरण निर्माण गर्ने, शिक्षकले त्रुटिको क्षेत्र पहिचान गरी त्रुटि निराकरण र सचेत अभ्यासका क्रियाकलाप सञ्चालन गर्ने, उपयुक्त शैक्षिक सामग्रीको छनोट र प्रयोग गर्ने, सन्तुलित रूपमा सुनाइ बोलाइ पढाइ र लेखाइको अभ्यासमा जोड दिने, प्रेरित प्रभावलाई सकारात्मक बनाउन शिक्षक, विद्यार्थी तथा अभिभावकबिचको भाषिक व्यवहारलाई स्तरीय र अनुकरण योग्य बनाउन जोड दिनेजस्ता उपायहरू अपनाउनु पर्ने देखिन्छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्दा पनि यी पक्षहरूलाई ध्यान दिनुपर्ने देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान पद्धतिको मान्यतामा आधारित रहेर सम्पन्न गरिएको छ । बहुल सत्यमा आधारित व्याख्यावादी मान्यताअनुरूप सामग्री सङ्कलन, प्रस्तुतीकरण र विश्लेषणमा अनुसन्धानको आवश्यक नैतिक मूल्यको ख्याल गरी निष्कर्षमा पुग्ने काम भएको छ । बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने उच्चारणगत त्रुटिलाई हेर्दा नेपाली स्वर वर्णका 'ऐ' 'अं' र 'अः' वर्णहरूको उच्चारणमा त्रुटि पाइएको छ । नेपाली व्यञ्जन वर्णहरूको उच्चारणमा त्रुटि हुने मूल क्षेत्रका रूपमा 'ट' वर्गका वर्णहरू (ट ठ ड ढ) र 'त' वर्गका वर्णहरू (त थ द ध) को उच्चारणमा त्रुटि भएको पाइएको

छ । उपर्युक्त तथ्यअनुसार वर्णोच्चारणगत त्रुटिहरू शब्दोच्चारणमा पनि देखिने गरेका छन् । साथै उक्त त्रुटिहरू सम्बन्धित विद्यार्थीहरूको लिखित अभिव्यक्तिमा समेत देखिने गरेको पाइएको छ । शब्दोच्चारणगत त्रुटिलाई हेर्दा 'त् थ् द् ध्' र 'ट् ठ् ड् ढ्' वर्णहरू प्रयोग भएका शब्दको उच्चारणमा त्रुटि हुने गरेको देखिन्छ । उक्त त्रुटिहरू ('त् थ् द् ध्' र 'ट् ठ् ड् ढ्' को उच्चारणमा हुने त्रुटि) हतुवागढी क्षेत्रका विद्यार्थीहरूले गर्ने त्रुटि व्यवस्थित प्रकृतिको देखिन्छ भने आमचोक क्षेत्रका विद्यार्थीहरूको चाहिँ सो क्षेत्रमा हुने शब्दोच्चारणगत त्रुटिहरू त्रुटि नभई भुलको तहमा मात्र रहेको मान्न सकिने देखिन्छ । किनभने आमचोक क्षेत्रका विद्यार्थीहरूले एउटा प्रसङ्गमा गरेको त्रुटिलाई अर्को प्रसङ्गमा आफैँ सच्याएर उच्चारण गरेको पनि पाइन्छ। त्यस्तै बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली शब्दोच्चारणका क्रममा महाप्राण ध्वनिलाई अल्पप्राण उच्चारण गर्दा पनि त्रुटि हुने गरेको पाइन्छ, जस्तै : 'अघि' शब्दलाई 'अगि' उच्चारण, 'पढ्नु' शब्दलाई 'पड्नु' उच्चारण । सघोष ध्वनिलाई अघोष उच्चारण गर्दा पनि त्रुटि हुने गरेको पाइन्छ, जस्तै : 'ढड्कन' शब्दलाई 'ढट्कन' उच्चारण, 'सडक' शब्दलाई 'सटक' उच्चारण । क्रियापदको अन्त्यमा आउने 'छौँ' लाई 'छुम्/छम्' उच्चारण गर्दा पनि त्रुटि हुने गरेको पाइन्छ, जस्तै : 'राख्छौँ' शब्दलाई 'राख्छुङ/राख्छुम्' उच्चारण, 'ढोग्छौँ' शब्दलाई 'ढोग्छुङ/ढोग्छुम्' उच्चारण, 'खान्छौँ' शब्दलाई 'खान्छुङ/खान्छुम्' उच्चारण । अकारलाई आकार उच्चारण गर्दा पनि त्रुटि भएको पाइन्छ, जस्तै : 'चाहन्छु' शब्दलाई 'चाहान्छु' उच्चारण, 'जना' शब्दलाई 'जाना' उच्चारण, 'अब' शब्दलाई 'आबो' उच्चारण । क्रियापदको उच्चारणमा ध्वनि लोपगत त्रुटि पनि पाइएको छ, जस्तै : 'बगाएर' शब्दलाई 'बगार' उच्चारण, 'गर्नुभएको' शब्दलाई 'गर्नुभाको' उच्चारण, 'पऱ्यो' शब्दलाई 'परो' उच्चारण आदि । पदसङ्गतिगत त्रुटिलाई हेर्दा स्त्रीलिङ्गमा, बहुवचनमा, प्रथम पुरुषमा तथा आदर प्रयोगका क्षेत्रमा त्रुटि पाइन्छन् । कर्ता र क्रियापदबिच सङ्गति नमिल्दा त्रुटि भएको देखिन्छ । उच्चारणगत र पदसङ्गतिगत यी त्रुटिहरू हुनुमा मातृभाषाको प्रभाव, बेवास्तापना, प्रेरित प्रभाव, स्तरीय भाषिक वातावरणको कमी, उपयुक्त सिकाइ रणनीतिको अभाव आदि कारणहरू देखिन्छन् भने उक्त त्रुटि निराकरणका लागि शिक्षणसिकाइ रणनीतिमा सुधार, स्तरीय भाषिक वातावरण निर्माण तथा सचेत अभ्यासका क्रियाकलाप सञ्चालन गर्नुपर्ने देखिन्छ ।

प्रस्तुत अध्ययनमा भोजपुर जिल्लाको हतुवागढी क्षेत्र र आमचोक क्षेत्रका बान्तावा मातृभाषी विद्यार्थीहरूको दोस्रो भाषाका रूपमा नेपाली सिकाइमा पाइने उच्चारणगत र

पदसङ्गतिगत त्रुटिहरूको अध्ययन गरिएको छ । उक्त हतुवागढी क्षेत्र र आमचोक क्षेत्र भोजपुर जिल्लाको दक्षिणी भूगोलमा पर्दछन् । पूर्वकार्यको अध्ययनहरूले बान्तावा भाषाका अन्य क्षेत्रीय भाषिकाहरू पनि रहेको बुझिन्छ । जनगणना २०७८ अनुसार नेपालमा बान्तावा मातृभाषीको सङ्ख्या १३८००३ रहेको र यो सङ्ख्या कोशी प्रदेशमा मात्र १३३७४५ (९६.९१ प्रतिशत) रहेको देखिन्छ । कोशी प्रदेशमा रहेका जिल्लामध्ये पनि बान्तावा भाषी जनसङ्ख्यालाई हेर्दा सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला भोजपुर जिल्ला रहेको देखिन्छ । भोजपुर जिल्लामा यसको सङ्ख्या ३१६५३ रहेको देखिन्छ । सुनसरी, मोरङ, इलाम, पाँचथरलगायतका ठाउँहरूमा बसोबास गर्ने बान्तावाहरूको पूर्वथलो पनि भोजपुर नै रहेको बताउने गरिन्छ । आफ्नो थातथलो छाडेर बसाइँ सरेर जाने राईभित्रका अन्य भाषिक समूह ( चाम्लिङ, साम्पाङ, दुङ्माली आदि) ले पनि सम्पर्क भाषाका रूपमा बान्तावालाई नै प्रयोग गर्ने गरेको पनि पाइन्छ ।  यसरी हेर्दा बान्तावा भाषिक समुदायको मुख्य थलोका रुपमा भोजपुर जिल्लालाई मानिएको पाइन्छ । तसर्थ प्रस्तुत शोधकार्यमा भएको भोजपुर जिल्लाका बान्तावा मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइमा पाइने त्रुटिको अध्ययनको निष्कर्ष महत्त्वपूर्ण रहेको मान्न सकिने आधार रहेको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६१). *समसामयिक नेपाली व्याकरण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६२). *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (तेस्रो संस्क.). रत्नपुस्तक भण्डार ।

खनाल, पेशल (२०७३). *शैक्षिक अनुसन्धान पद्धति.* सनलाइट पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०६८). *नेपाली भाषा र साहित्य शिक्षण.* शुभकामना प्रकाशन प्रा.लि. ।

दुमीराई, नेत्रमणि (२०७८, कार्तिक). बान्तावा भाषाको समाजभाषाविज्ञान. *बुङ्वाखा, २००* ( १७), २८-४३. सुम्निमा अपसेट प्रेस ।

नेस्नल पपुलेसन एन्ड हाउजिङ सेन्सस् (सन् २०२१). *नेश्नल रिपोर्ट अन काष्ट/इथ्निसिटी, लेङ्गुइज एन्ड रिलिजिअन.* नेस्नल स्टाटिस्टिक अफिस, काठमाडौँ ।

पोखरेल, माधवप्रसाद र राई, नेवल किशोर (२०६५). नेपालको वर्तमान भाषिक स्थिति. *राज्य पुनः संरचनाको सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी*

*भाषानीति.सेमिनार प्रतिवेदन,* पृ. १-२५. नेपाल र एशियाली अनुसन्धान कन्द्र, त्रि.वि. र सामाजिक समावेशीकरण अनुसन्धान कोष, ललितपुर ।

पौडेल, हेमनाथ र पौडेल, नेत्रप्रसाद (२०६०). *साधारण नेपाली व्याकरण र समीक्षा.* पैरवी प्रकाशन ।

पौडेल, हेमनाथ, भट्टराई, रमेशप्रसाद र चौलागाईं, प्रेमप्रसाद (२०७७). *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७७). *भाषाविज्ञान* (दसौँ संस्क.). साझा प्रकाशन ।

बुङ्वाखा (२०७८, कार्तिक). बान्तावामा विद्यावारिधि गर्नुहुने विद्वान्हरूका लेख. *बुङ्वाखा,* २०० (१७), ४-२७. सुम्निमा अपसेट प्रेस ।

भाषा आयोग (२०७८).*भाषा आयोगको वार्षिक प्रतिवेदन* (पाँचौं) . काठमाडौं ।

भाषा आयोग (२०८१ असार १९). तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ भाषिक तथ्याङ्क कोशी प्रदेश. https://languagecommission.gov.np/category/2136/

मिश्र, विजयकुमार (२०६८). *धनकुटा जिल्लाका कक्षा पाँचमा अध्ययनरत आठपहरिया विद्यार्थीहरूले स्तरीय नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन* [अप्रकाशित स्नातकोत्तर शोधपत्र]. धनकुटा बहुमुखी क्याम्पस, धनकुटा ।

राई, ईश्वरकुमार (२०७७). *बान्तावा भाषाको समाजभाषावैज्ञानिक अध्ययन.* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध]. त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय डीनको कार्यालय, कीर्तिपुर ।

राई, नमिता (२०७५). *चाम्लिङ् भाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* [अप्रकाशित स्नातकोत्तर शोधपत्र]. सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

राई, नोवल किशोर, राई, पदम कुमार र राई, निराजन (२०८० सम्पा.).*बान्तावा शब्दकोश.* बान्तावा शब्दकोश तथा व्याकरण निर्माण समिति काठमाडौ ।

राई, नोवल किशोर र राई, रीता (२०६७). *बान्तावा व्याकरण.* श्री प्रेस जावलाखेल ।

राई, विष्णुकुमार (२०७०, असार). नेपाली भाषाको सापेक्षतामा बान्तावा भाषाको पदसङ्गतिगत व्यवस्थाको तुलना. *बुङ्वाखा,* १०० (९), ७३-७६. शब्दघर छापाखाना ।

राई, विष्णुकुमार (२०७४). *बान्तावा भाषामा शब्दनिर्माण प्रक्रिया* [अप्रकाशित स्नातकोत्तर शोधपत्र]. महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

सर्वहारा, प्रकाश ( वैशाख-जेठ, २०५९). आनयुङ दुङ अंक र प्रेरक प्रश्नहरूको सन्दर्भ, *किरावा बुङ,* २ (१), ६०-६५. किराँतराई बान्तावा भाषा तथा संस्कृति उत्थान प्रतिष्ठान ।

Al-Khresheh, Mohammad (2016, march 28). A review study of error analysis theory. *International journal of humanities and social science research*. https://www.researchgate.net/publication/299456806

Asmawi, Adelina and Alam, Md. Saiful (2024, june 12). Qualitative research : Understanding its underlying Philosophies. *Forum for Education Studies* .= https://www.researchgate.net/publication/381321894

Corder, S.P. (1981). *Error Analysis and Interlanguage*. Oxford University Press.

Ellis, Rod (1994). *The study of second language acquisition*. Oxford University Press .

Horn, Jason (2020, august 11). How to reference a Journal Article : APA Seventh Edition. https://youtu.be/yx0d3Ll1XjU

James, Carl (2013). *Errors in language learning and use, exploring error analysis*. Routledge taylor and francis group, London and New york .

Khatri, Krishna Kumar (2020, sep-oct.), Research Paradiam : A Philisophy of Education Research. *International Journal of English Literature and Social Sciences* . https://dx.doi.org/10.22161/ijels.55.15

Pronesis (2021, march 21). Research Paradigms : Philosophy of Research. https://www.youtube.com/watch?v=8kkL8SkyCcE

Rai, Novel Kishore (2021). *A Descriptive Study of Bantawa*. CNAS Tribhuvan University .

Rapley, Tim (2012). Qualitative Data Analysis. In David Silverman (Eds.). *Qualitative Research : Some Pragmatics of Data Analysis* (3rd edn, p. 273-290). Atlantic Publishers and Distributors .

SOE, Thiri (31 march 2021). Theoretical Assumptions for Error Analysis : methods, limitations and Overcoming Approaches. *Journal of International Cultural Studies* .https://www.researchgate.net/publication/351047545